# विदुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.स. : २०८१/०८२
च.न. :

**हाटबजार संचालन गर्न भौतिक संरचना निर्माणमा साझेदारी गर्ने सम्बन्धी सूचना ।**

(मितिः २०८१/०९/०३)

यस विदुर नगरपालिकाको वडा नं ९ को वडा कार्यालय परिसरमा रहेको खाली जग्गामा कृषि उपजको संकलन तथा विक्रिका लागि हाटबजार संचालन गर्न भौतिक संरचना निर्माण गर्नु पर्ने भएकोले साझेदारी गर्न इच्छुक फर्म/संस्था/समुह/सहकारी/व्यक्तिहरुले यो सूचना प्रकाशन भएको मितिले ३५ दिन (मितिः२०८१/१०/०८) भित्र तपसिल बमोजिमको शर्तहरुको पालना गर्ने गरी तोकिएको आवश्यक कागजातहरुसहित यस नगरपालिकामा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सरोकारवाला सबैमा ज़ानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलका शर्तहरुः**

- कुल लागत अनुमानको कम्तीमा ५० प्रतिशत आर्थिक योगदान साझेदार संस्थाको हुनु पर्नेछ।
- साझेदारीमा निर्माण हुने भौतिक संरचना नगरपालिकाबाट स्वीकृत भए अनुसार हुनेछ।
- छनौटमा परेको साझेदारी संस्थाले नेतृत्व गरी अन्य संस्थाबाट साझेदारीको प्रस्ताव आएमा नगरपालिकामा जानकारी गराउन सक्नेछ।
- छनौट भएको संस्थाले साझेदारी गर्ने रकम नगरपालिकाले तोकेको कोष (खाता)मा तोकेको समयमा अनिवार्य रुपमा जम्मा गर्नु पर्नेछ।
- जम्मा भएको रकम र नगरपालिकाले साझेदारी गर्ने रकम सार्वजनिक खरिद ऐन,२०६३ र ऐ.नियमावली,२०६४ अनुसारको प्रक्रिया अपनाई खर्च गरिनेछ।
- साझेदारी संस्थाले नियमानुसार तिर्नुपर्ने कर तथा शुल्क समेतको अंशमा साझेदारी गर्नुपर्नेछ।
- साझेदारी गर्ने बजेटको अंश लगायत विस्तृत विवरण छनौट भएको संस्था र नगरपालिकाबीच भएको दुई पक्षिय सम्झौतामा खुलाईनेछ।
- कार्यक्रम सम्पन्न भएपछि संयुक्त प्रतिवेदन तयार गरी नगरपालिकामा राखिनेछ।
- कार्यविधिमा उल्लेख नभएका विषयहरु प्रचलित कानून अनुसार हुनेछ।
- समयको माग अनुसार हाट बजार संचालन नगरपालिकाको आवश्यकताको आधारमा गरिनेछ।
- साझेदारी संस्था र नगरपालिकाबीच कुनै विवाद सिर्जना भएमा नगरपालिकाको निर्णय अन्तिम हुने र साझेदारी संस्थाले स्वीकार गर्नुपर्नेछ।
- हाट बजार परिसरमा तोकिए भन्दा विपरित वा बढी संख्यामा संरचना निर्माण गर्न पाईने छैन ।
- टहरा निर्माण गर्दा प्रकोप प्रतिरोधी बनाउन फलामको पिल्लर र सी.जी.आई. को छानो लगाईनु पर्नेछ ।
- हाट बजार क्षेत्रभित्र स्वच्छ खानेपानीको उचित प्रबन्ध हुनुपर्नेछ ।
- हाटबजारमा हुने जनचापको आधारमा महिला र पुरुषको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गर्नु पर्नेछ ।
- हाट बजारको प्रत्येक स्टल तथा संरचना र खुल्ला क्षेत्रमा विधूत तथा उज्यालोको उचित प्रबन्ध गर्नु पर्नेछ ।
- हाट बजारको सम्पूर्ण संरचना निर्माण गर्दा प्राविधिकको सहयोगमा आवश्यक स्लोप्को व्यवस्था गरि अपाङ्गमैत्री समेत हुनेछ । पानी नजम्ने र ढलको उचित व्यवस्थापन सहित गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# विदुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.स. : २०८१/०८२
च.न. :

विदुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

तपसिलका कागजातहरुः

- संस्था दर्ता र नवीकरण भएको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि ।
- प्यान/भ्याट दर्ताको प्रमाणित प्रतिलिपि ।
- कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि ।
- संस्थाको पछिल्लो लेखापरिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी ।
- संस्थाको निर्णयको प्रमाणित प्रतिलिपी ।
- सम्बन्धित अख्तियारी प्राप्त व्यक्तिको नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
- निवेदन/प्रस्ताव ।
- प्रचलित कानून अनुसार यस किसिमको काम गर्न अयोग्य नभएको स्वघोषणा पत्र ।

सुभाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकिय अधिकृत**